## जेमसीपका सहजकर्ताहरू

प्रत्येक ६ गाविसमा जेमसीपका क्रियाकलापहरुमा सहयोग पुऱ्याईरहेका हाम्रा सहजकर्ताहरु निम्नानुसार छन :

| स्याङ्जा जिल्ला | | |
|---|---|---|
| जगत्रदेवी गाविस | विरुवाअर्चले गाविस | फेदीखोला गाविस |
| बरिष्ठ सहजकर्ता | बरिष्ठ सहजकर्ता | बरिष्ठ सहजकर्ता |
| नन्दा राना | धनमाया राना थापा | प्रतिक्षा गुरुङ |
|  |  |  |
| सहजकर्ता | सहजकर्ता | सहजकर्ता |
| विनोद न्यौपाने | नर ब. विक | नर ब. कार्की |
|  |  |  |

| मोरङ जिल्ला | | |
|---|---|---|
| पोखरिया गाविस | तेतरिया गाविस | टाँडी गाविस |
| बरिष्ठ सहजकर्ता | बरिष्ठ सहजकर्ता | बरिष्ठ सहजकर्ता |
| महेश कुमार मण्डल | रञ्जना कुमारी मार्झी | संगीता राई |
|  |  |  |
| सहजकर्ता | सहजकर्ता | सहजकर्ता |
| शिव दयाल मण्डल | मनोज कुमार चौधरी | दिल ब. मगर |
|  |  |  |

### जेमसीपका सम्पन्न क्रियाकलापहरु (मे - अगष्ट, २०१०)

| महिना | क्रियाकलाप | स्थान |
|---|---|---|
| मे | दोश्रो सहजकर्ता तालिम | स्याङ्जा र मोरङ |
| मे-अगष्ट | नमूना गाविसका वडाहरुको सामाजिक स्रोत नक्सा | स्याङ्जा र मोरङ |
| मे-अगष्ट | गाविस स्तरीय लैमूसास लेखाजोखा तथा परीक्षण कार्यशाला | स्याङ्जा र मोरङ |
| जुन | लैंगिक सर्म्पक व्यक्ति तथा योजना अधिकृतहरुका लागि लैमूसास तालिम | काठमाण्डौं |
| अगष्ठ | गाविस स्तरीय लैसास योजना तर्जुमा तालिम कार्यशाला | स्याङ्जा र मोरङ |

### जेमसीपका आगामी क्रियाकलापहरु (सेप्टेम्वर - नोभेम्वर, २०१०)

| महिना | क्रियाकलाप | स्थान |
|---|---|---|
| सेप्टेम्वर | गाविस स्तरीय लैसास योजना तर्जुमा तालिम कार्यशाला | स्याङ्जा र मोरङ |
| सेप्टेम्वर | परियोजना व्यवस्थापन समिति को छैटौ बैठक | काठमाण्डौं |
| अक्टोवर | नमूना गाविसमा वडा नागरिक मञ्चको गठन | स्याङ्जा र मोरङ |
| नोभेम्वर | संयुक्त समन्वय समिति को तेश्रो बैठक | काठमाण्डौं |
| नोभेम्वर | गाविस स्तरीय नमुना परियोजना तयारी कार्यशाला | स्याङ्जा र मोरङ |

GeMSIP Office, c/o Ministry of Local Development, Pulchowk, Lalitpur, Nepal
Tel/Fax: 01-5538225, E-mail: gemsip.np@gmail.com
http://www.gemsip.org.np/

लैंगिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण परियोजना

नेपाल सरकार
-जाईका प्राविधिक
सहयोग

# जेमसीप अपडेट

अगष्ट २०१०, चौथो संस्करण

## गाविस सचिव, विरुवा अर्चले बाट शुभकामना



लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण परियोजना (जेमसीप) ले आफ्नो समचारपत्रको चौथो अंक प्रकाशन गर्ने सफलता प्राप्त गरेकोमा खुसी व्यक्त गर्दछु । यस अंकमा शुभकामना दिने अवसर प्रदान गरेकोमा जेमसीप परियोजनालाई धन्यवाद दिन चाहान्छु ।

स्याङ्जा जिल्लाको विरुवा अर्चले गाविस जिल्ला सदरमुकाम वाट २० कि. मी.को दुरीमा रहेको छ । यस गाविस मा मगर, गुरुङ, दलित, ब्राह्मण, क्षेत्री लगायत मुश्लिमहरुको पनि वसोवास रहेको छ । भौगोलिक वनावट डाँडा, भिरपाखा, वनजंगल लगायत खेती योग्य जमिन र केहि समथर भूभाग पनि छ । यस गाविसमा १ मा. वि., ६ प्रा. वि. र २ निजि विद्यालयहरु रहेका छन । यसका साथै स्वास्थ्य चौकी, कृषि सेवा केन्द्र, शाखा वन कार्यालय, प्रहरी चौकी, मुक्तिनाथ विकास वैंक, अतिरिक्त हुलाक कार्यालय पनि रहेका छन । यस गाविसमा कच्ची मोटर वाटोको सुविधा पनि छ ।

यस गाविसमा जेमसीप परियोजनाले कार्य प्रारम्भ गरे पछि गाविस सचिवको संयोजकत्वमा महिला, दलित, जनजाति, ब्राह्मण क्षेत्री अपाङ्ग, युवा, वालक्लव सबैको प्रतिनिधित्व हुने गरी गाविस स्तरीय एकीकृत योजना तर्जुमा समितिको गठन भयो । यसपछि सहजकर्ताहरु छनौट गर्नको लागि आवेदन माग गरी योग्यता पुगेका उमेदवारहरुलाई लिखित परीक्षा र अन्तर्वार्ता लिई छनौट गर्ने काम सम्पन्न भयो । सहजकर्ताको क्षमता विकासको लागि विभिन्न तालिमहरु पनि संचालन भएका छन । हालसम्म जेमसीपले लैंगिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणका विभिन्न शिर्षकहरुमा तालिम, गोष्ठी, लेखाजोखा जस्ता कार्य सम्पन्न गरेर गाविसमा हुने हरेक काममा महिला, दलित जनजाति र वञ्चितिमा परेका समुह सबैको सहभागीता हुनु पर्छ भन्ने धारणाको विकास गरेको छ ।

यसका साथै केहि वडाहरुमा सामाजिक स्रोत नक्सा वनाउने काम सम्पन्न भएको छ । वडा समितिको संरचना र भूमिकाको वारेमा पनि छलफल भएको छ । यो परियोजना संचालन भएपछि यहाँका महिला, दलित र वञ्चित समुह लगायत संपूर्ण टोल वस्तीका मानिसहरुमा एउटा नयाँ सोच को विकास हुनुका साथै खुसी छन ।

अन्त्यमा, यो परियोजनाले आगामी दिनमा यस गाविस को विकास निर्माण कार्यमा महिला, दलित लगायत वन्चितिमा परेका समुहको आवाजलाई विकासको निर्णायक तहमा पुऱ्याउन सफल भई एउटा नमुना गाविसको रुपमा विकास गर्न सक्ने छौ भन्ने आशा गरेको छु । यो समाचार पत्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दिशामा सहयोगी वन्न सफल होस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु ।

हरि प्रसाद पौडेल, गाविस सचिव, विरुवा अर्चले, स्याङ्जा

## गाविस सचिव, तेतरीया बाट शुभकामना



तेतरीया गाविस मोरंग जिल्लाको पश्चिम तर्फको विच भागमा अवस्थित छ । यो गाविस विराटनगर उप-महानगरपालिकाबाट १४ किलोमिटर उत्तरमा पर्दछ । यसको कुल क्षेत्रफल १४ वर्ग कि.मी. छ । यो गाविस मा अनुमानित ८० प्रतिशत भन्दा बढी थारु जातिको वसोवास रहेकोले यहां थारु भाषा बढी प्रचलनमा छ र थारु संस्कृतिको पहिचानका दृष्टिले यस गाविसलाई सम्पन्न मान्न सकिन्छ । यहां वसोवास गर्ने अन्य वर्ग समुदायहरुमा पिछडा वर्ग ६ प्रतिशत, दलित (बांतर, मुसहर, वि.क.) ७ प्रतिशत र पहाडी मुलका ७ प्रतिशत पर्दछन । मुल रुपमा आदिवासी, जनजाति, पिछडा वर्ग, र दलितहरुको वसोवास रहेको हुनाले यो गाविस सामाजिक विकासका दृष्टिकोणले पछाडि परेको छ । विपन्न आर्थिक अवस्था, धार्मिक तथा समाजिक कुरीतिका कारण यस गाविसमा लैङ्गिक तथा सामाजिक समानताको विकास हुन सकेको छैन । भौतिक, वातावरणीय एवं सरसफाईका दृष्टिले समेत यो गाविस पछाडि परेको छ । समुदायका करीब ७५ प्रतिशत घरहरुमा शौचालय छैन ।

अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धीमा नेपाल सरकारले गरेको हस्ताक्षर तथा बालबालिका सम्बन्धी नेपालको ऐन २०४८ अनुसार नेपाल सरकारले यस गाविसलाई नमूना बाल मैत्री गाउं बनाउन बाल मैत्री गाविसको रुपमा घोषणा गरेको छ । नेपाल सरकारको पूर्व घोषित बाल मैत्री कार्यक्रम अनुसार गाविसका विद्यमान समस्यालाई समाधान गर्ने अभिप्रायका साथ समुदाय स्तरबाट सूचक निर्धारण गरी सूचकहरु पुरा गर्नका लागि ५ वर्षे योजना तयार भई हाल योजना कार्यान्वयनका क्रममा छ । योजना कार्यान्वयनका क्रममा बांकी योजना अवधि २ वर्ष भित्र यस गाविसलाई पूर्ण रुपमा बाल मैत्री बनाउनका लागि यस आ.व. २०६७/६८ भित्र सम्पूर्ण गाविस क्षेत्रलाई खुल्ला दिशा मुक्त घोषणा गर्ने लक्ष्य राखिएको छ ।

गाविसलाई पूर्ण रुपमा बाल मैत्री बनाउन सम्पूर्ण क्षेत्रको विकास हुन आवश्यक छ । सदियौ देखि पछि परेका आदिवासी, जनजाति, दलित, पिछडा वर्ग आदिलाई विकासको मुलप्रवाहमा ल्याउन समान अवसर प्रदान गरी महिला सहभागिता र सामाजिक समानता कायम गर्न नसके गाविस बाल मैत्री बन्न सक्दैन, यसै समस्यालाई दृष्टिगत गरी नेपाल सरकारले गरेको पूर्व घोषणा तथा यस गाविस को दृढ लक्ष्यलाई पुरा गर्न मुल समस्याको रुपमा रहेको लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणका क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यस गाविसमा जेमसीप परियोजना लागू भएको छ । यस परियोजनाबाट तेतरीया गाविसले राखेको भावी लक्ष्य पूरा गर्न विशेष सहयोग पुग्ने छ र तेतरीया गाविस निकट भविष्यमा वातावरणीय मैत्री, खुल्ला दिशा मुक्त, बाल मैत्री ,समावेशी नमूना गाविस बन्ने छ भन्ने दृढ विश्वास लिएको छु ।

लिला राम वास्तोला, गाविस सचिव, तेतरीया गाविस, मोरंग

## लैमूसास आधारभूत तालिम



जेमसीपले महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय र स्थानीय विकास मन्त्रालयसंगको सहकार्यमा ९-१४ जुन २०१० मा चेतना केन्द्र काभ्रेमा विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुका लैंगिक सम्पर्क व्यक्ति र योजना शाखाका अधिकृतहरुका लागि लैमूसास आधारभूत तालिम आयोजना गऱ्यो । अढाई दिने उक्त तालिमलाई २ समूहमा विभाजन गरिएको थियो जसमा जम्मा ५४ जनाको सहभागिता रहेको थियो । विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुका लैंगिक सम्पर्क व्यक्ति र योजना शाखाका अधिकृतहरुलाई एकैठाउँ राखेर लैमूसास सम्बन्धी तालिम प्रदान गरिएको नेपालमा सायद यो पहिलो प्रयास हुन सक्छ । लैंगिक सम्पर्क व्यक्ति र योजना अधिकृतहरुको लैमूसास सम्बन्धी ज्ञान र सीप लाई सशक्त बनाउने समग्र उद्येश्य लिएको यस तालिमका विशिष्ट उद्येश्यहरु यसप्रकार थिए- मन्त्रालय विभागहरु वीच अनुभवको आदानप्रदान गर्नु, सहभागीहरुमा लैमूसास सम्बन्धी साझा बुझाईको विकास गर्नु र आ–आफ्नो मन्त्रालय, विभाग निकायमा लैमूसास प्रवर्धन गर्नका लागि लैंगिक सम्पर्क व्यक्ति र योजना अधिकृतहरुको कार्ययोजना तयार गर्नु । लैमूसास आधारभूत अवधारणा, नेपालमा लैमूसास नीतिको रुपरेखा, लैमूसासका राम्रा अभ्यास र सिकाईहरु तथा विभिन्न क्षेत्रमा लैसास सवालहरु उक्त तालिममा समेटिएका विषयवस्तुहरु हुन ।

जम्मा २२ मन्त्रालय, २ विभाग, राष्ट्रिय योजना आयोग र नेपाल प्रहरीका सहभागिहरु बीच लैमूसास सम्बन्धी आफ्ना विचार र अनुभवहरुको आदान प्रदान भयो । विचार र अनुभवको उक्त आदानप्रदान ले सहभागीहरुलाई लैमूसास कुनै दाता तथा परियोजनाको उत्तरदायित्वको रुपमा लिन नहुने र निर्णायक तहमा लैमूसास अवधारणामा स्पष्टता ल्याउनु पर्ने निष्कर्षमा पुऱ्यायो । लैंगिक सम्पर्क व्यक्ति को प्रावधान मात्रैले हामीले चाहेको परिवर्तन संभव छैन, त्यसैले हरेक मन्त्रालय तथा निकायमा वरिष्ठ व्यक्ति, सकेसम्म सहसचिवको नेतृत्वमा लैससास शाखाको स्थापना गरिनु जरुरी छ । अन्य कर्मचारीहरुको लैसास उत्तरदायित्व समेत उल्लेख गरी लैंगिक सम्पर्क व्यक्तिकालागि निर्देशिका सहितको स्पष्ट कार्यविवरण तोक्नु अपरिहार्य छ ।

प्रत्येक सहभागी संस्थाको लैमूसास सम्बन्धी भावी कार्ययोजनाको तयारी संगै समाप्त भएको उक्त तालिममा श्री रत्नकाजी बज्राचार्य- सहसचिव महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, श्री शिव ब. रायमाझी- सहसचिव स्थानीय विकास मन्त्रालय, श्री दिवाकार देवकोटा- महानिर्देशक महिला विकास विभाग, श्री लक्ष्मी कुँवर- कार्यक्रम अधिकृत, जाईका नेपालले उदघाटन तथा समापन मन्तव्य व्यक्त गर्नु भएको थियो ।

**शंकर प्रसाद पौड्याल**
**राष्ट्रिय परियोजना अधिकृत, जेमसीप**

## गाविस स्तरीय लैमूसूसास लेखाजोखा तथा परीक्षण तालिम गोष्ठी

जेमसीपले स्याङ्गजा जिल्लाका तीन नमूना गाविसहरु जगत्रदेवी, फेदीखोला र विरुवाअर्चले मा क्रमश २५-२७ मे, १-३ जुन र २६-२८ जुन, २०१० मा लैंगिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लेखाजोखा तथा परीक्षण तालिम कार्यशालाको आयोजना गऱ्यो । सोही गोष्ठी मोरङ जिल्लाको पोखरीया, तेतरीया र टाँडीमा क्रमश : २२-२४ जुन, ८-१० अगस्ट र १४-१६ अगस्टमा सम्पन्न भयो । गाविसमा लैमूसासको विद्यमान अवस्थाको लेखाजोखा गर्ने मुख्य उद्येश्य लिएको उक्त कार्यशालाका विषयवस्तुहरु - लैमूसास सम्बन्धी बुझाइ, लैंगिक तथा सामाजिक बहिष्करणका सवालहरु, लैंगिक असमानता तथा सामाजिक बहिष्करणका समस्या विश्लेषण, लैमूसास अवधारणा, लैमूसास लेखाजोखा तथा परीक्षण, लैमूसास बजेट तथा बजेट परीक्षण र गाविसको सामाजिक स्रोत नक्सा रहेका थिए ।

छ गाविसमा भएको कार्यशालामा जेमसीप एकीकृत योजना तर्जुमा समितिका सदस्यहरु, जेमसीपका गाविस सहजकर्ताहरु र गाविस तहका विषयगत कार्यालयका कर्मचारीहरु गरी जम्मा ११७ (५६ महिला र ६१ पुरुष) जना सहभागीहरुको सक्रिय सहभागिता रहेको थियो । उक्त कार्यशालाको सहजीकरण जेमसीप जिल्ला अधिकृतहरु र



लैससास कार्यान्वयन समितिका सदस्यहरु बाट गरियो । कार्यशाला शुरु गर्नुभन्दा अगाडि सहजकर्ताहरुका लागि एक दिने अभिमुखीकरणको आयोजना गरिएको थियो । जगत्रदेवी र पोखरिया गाविसबाट उक्त कार्यशाला सुरुवात भएकाले आवश्यक सहयोगका लागि जेमसीपका मुख्य प्राविधिक सल्लाहकार तोषिको हमानो, विशेषज्ञ योको कोमात्सुवारा र राष्ट्रिय परियोजना अधिकृत तेज सुनारको उपस्थिति रहेको थियो । कार्यशालाले उल्लेखित विषयहरुमा सहभागीहरुको बुझाईलाई सवल पार्न र लैमूसास लेखाजोखा तथा परीक्षणको अभ्यासबाट गाविसमा लैमूसास को खाडल महसुस गर्न विशेष योगदान पुऱ्याएको छ । साथै, यस कार्यशाला बाट जेमसीपका नमूना गाविसहरुको गाविस स्रोत नक्सा पनि तयार पारिएको थियो ।

**तेज सुनार**
**राष्ट्रिय परियोजना अधिकृत, जेमसीप**

## सरकारी अधिकृतहरुका लागि लैंगिक मूलप्रवाहीकरण नीतिहरु विषयक तालिम, जापान

जाईकाले हाल जापानको क्युसु शहरमा सरकारी अधिकृतहरुका लागि लैंगिक मूलप्रवाहीकरण नीतिहरु विषयक तालिम संचालन गरिरहेको छ । लैंगिक दृष्टिकोणबाट नीति तथा कार्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन र मुल्यांकन गर्न राष्ट्रिय लैंगिक संयन्त्रको क्षमता अभिवृद्धि गर्ने उद्येश्य लिई १५ अगस्टमा शुरु भएको यस कर्यक्रम २५ सेप्टेम्वर, २०१० मा सम्पन्न हुनेछ । अन्य देशका सहभागीसंगै नेपालबाट हाम्रा तीन समकक्षीहरु श्री दुर्गा वराल (मविअ, मोरङ), श्री सरोज गौतम (सामाजिक विकास अधिकृत, जिविस, मोरङ), तथा श्री मीरा शेरचन (मविअ, स्यांगजा) ले यस तालिम कार्यक्रममा सहभागिता जनाईरहनु भएको छ ।

**मासामी वातानावे**
**जाईका विज्ञ, जेमसीप**

लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण परियोजना (जेमसीप) अगाष्ट २०१०, चौथो संस्करण

## जेमसीप नमूना परियोजेजना : के, किन र कसरी ?

**जेमसीप नमूना परियोजना के हो ?**

जेमसीपले स्याङ्गजा र मोरङका छनौट गरिएका गाविसहरुमा "नमूना परियोजना" संचालन गर्ने छ । पहिलो समूह अन्तर्गत हामीले प्रत्येक जिल्लामा निम्नानुसार ३/३ गाविसहरु चयन गरेका छौ :

| स्याङ्गजा | मोरङ |
|---|---|
| फेदीखोला | टाँडी |
| विरुवाअर्चले | तेतरिया |
| जगत्रदेवी | पोखरिया |

यस परियोजना अन्तर्गत हामी नमूना गाविसहरुलाई विकास संबन्धी परियोजनाहरुको योजना तर्जूमा, छनौट, कार्यान्वयन र अनूगमन लैंगिक उत्तरदायी र सामाजिक समावेशी तवरबाट गर्न लगाउनेछौं । नमूना परियोजनाको लागि आवश्यक रकम नमूना परियोजना अबधि भर (पहिलो समूहको लागि ३ वर्ष जाईकाले उपलव्ध गराउनेछ ।

आधारभूत रुपमा यो अतिरिक्त रकम आफूले चाहेको कुनै पनि परियोजनामा प्रयोग गर्न नमूना गाविसहरु स्वतन्त्र छन । चाहे बाटो निर्माण जस्तो एउटै परियोनामा सम्पूर्ण रकम खर्च गर्न होस वा यो रकमलाई दशौं भाग लगाई स-साना परियोजनाहरु जस्तो खानेपानी, महिलाहरुको लागि सीपमूलक तालिम, प्राथमिक विद्यालय पूनर्स्थापना वा उन्नत वीउ वितरण लाई वित्तीय व्यवथा गर्न, गाविसहरु स्वतन्त्र हुनेछन । यद्यपी परियोनाको निर्माण, छनौट, कार्यान्वयन र अनुगमन लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी ढंगवाट हुनपर्ने एकमात्र शर्त भने जेमसीपका तर्फवाट बाध्यकारी हुनेछ ।

**जेमसीप नमूना परियोजना किन ?**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण लाई उपयूक्त तवरले संबोधन गर्ने थुप्रै नीति, निर्देशिका र समितिहरु नेपालमा छन तर वास्तविक रुपमा तिनीहरुको प्रभावकारिता भएन भन्ने एकमात्र तत्वबोध गरी जेमसीपको शुरुवात भएको हो । यही तथ्यलाई मध्यनजर गर्दै जेमसीपको एक मूख्य उद्येश्य भनेको तीनै नीति तथा निर्देशिकाहरुलाई कार्यान्वयनमा उतार्नु हो ।

आखिर खरावी के छ ? किन तिनीहरुलाई कार्यमा उतारिदैन भन्ने तथ्य खोज्दै जांदा हाम्रो अनुभव र विश्लेषणले के देखाउंछभने, नीति तथा निर्देशिकाहरु कार्यान्वयनमा नआउनुका पछाडिको एक मूख्य कारण गाविसमा अन्तर्निहित छ : जहां जनसंख्याको मूख्य हिस्सा बसोवास गर्छ, त्यहीं कुरीति तथा असमानताहरु विद्यमान छन । जवसम्म गाविस प्रशासनको बर्तमान अभ्यासमा परिवर्तन आउंदैन तवसम्म कुनैपनि नीति, निर्देशिका तथा समितिहरुले सूविधाविमुख बर्गको जीवनमा कत्तिपनि परिवर्तन ल्याउन सक्दैनन ।

त्यसैले, गाविस र यसको विकास प्रशासनको पद्धतिमाथि जेमसीपको ध्यान केन्द्रित हुनेछ । अझ स्पष्ट रुपमा भन्नुपर्दा "गाविस परियोजना छनौट र कार्यान्वयनको" सम्पूर्ण प्रक्रिया लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बनाउन जेमसीपले प्रयत्न गर्नेछ । अर्को शव्दमा भन्नुपर्दा जेमसीपले गाविस बजेट छुटयाउने र खर्च गर्ने प्रक्रियालाई लोकतान्त्रिक बनाउने प्रयत्न गर्नेछ ।

तर के माथिल्लो तहवाट केही निर्देशन दिएकै भरमा मात्र रातारात यो परिवर्तन संभव छ त ? छैन, अवश्य पनि । हामीले मानिसको धारणा, सोचाई र स्वभावमा परिवर्तन ल्याउनुपर्ने हुनाले यसका लागि समय लाग्छ र हाम्रो विचारमा यो परिवर्तन ल्याउने हैसियतराख्ने एक मात्र पद्धति भनेको "गर र सिक" को अवधारणालाई पछयाउनु नै हो ।

गाविसका जनता (गाविस सचिव देखि राजनीतिक नेता, समाजसेवी र सूविधाविमुख वर्ग हरुलाई गाविस परियोजनाहरु चयन गर्ने र लागू गर्ने यो नयां, लोकतान्त्रिक तथा समावेशी पद्धतिको अभ्यास गर्ने अवसर हामीले दिनैपर्छ र दिनेछौ पनि किनकी यही उद्येश्य पूर्तिका लागि एक अवसरका रुपमा जेमसीप नमूना परियोनाको जन्म भएको हो ।

**जेमसीप नमूना परियोजनाले कसरी काम गर्छ ?**

नयाँ, लोकतान्त्रिक पद्धतिको वास्तविक अभ्यास गर्ने अवसर प्रदान गर्ने हाम्रो उद्येश्य भएको हुनाले जेमसीप नमूना परियोजनाले साधारणतया गाविसको विकास प्रशासन सम्बन्धमा आधिकारिक नीतिहरु र समय तालिकाको नै अनुसरण गर्नेछ । यद्यपी एउटा आवश्यक नयाँ समायोजन भनेको प्रत्येक नमूना गाविसमा जेमसीप एकीकृत योजना तर्जुमा समितिको स्थापना गर्नु थियो । जेमसीप एकीकृत योजना तर्जुमा समिति अस्तित्वमा रहिरहेको औपचारिक एकीकृत योजना तर्जुमा समिति भन्दा अलग भएतापनि यसले गर्ने कार्य सोही नै हो । केही व्यक्तिहरु दुवैमा सदस्य छन ।

जाईकाले प्रत्येक नमूना गाविसलाई एकमुष्ठ रकम प्रदान गर्दछ (वार्षिक ३ देखि ५ लाख सम्म) । यो अनूदान बाट संचालन गरिने परियोजनाको लागि उपभोक्ता समूह तथा सामूदायीक संस्थाले परियोजना प्रस्ताव तयार पारी सर्वप्रथम वडा नागरिक मञ्चसमक्ष बुझाउने छन । त्यसपछि वडा नागरिक मञ्चले परियोजना प्रस्तावको अध्ययन गरी प्राथमिकतामा परेका प्रस्तावहरु अन्तिम छनौटको लागि जेमसीप एकीकृत योजना तर्जुमा समितिमा पठाउने छ र जेमसीप एकीकृत योजना तर्जुमा समितिले जाईकाको अनुदान बाट संचालन गरिने परियोजना प्रस्तावहरु छनौट गर्नेछ । आवधिक योजना र पूर्वतयारी गरिएको छनौट मापदण्ड प्रयोग गरेर जेमसीप एकीकृत योजना तर्जुमा समितिले यो छनौट सम्पन्न गर्नेछ । उपभोक्ता समूह तथा सामूदायिक संस्था जसले परियोजना प्रस्ताव तयार पारेको हो उसैले छनौट भएको परियोजनाहरुको कार्यान्वयन गर्ने छ ।




यो समग्र प्रक्रियाको सहजीकरण गर्न प्रत्येक नमूना गाविसमा दुई सहजकर्ताहरु खटाइएका छन । यो समग्र प्रक्रिया लोकतान्त्रिक, लैंगिक उत्तरदायी र सामाजिक समावेशी भएको सूनिश्चित गर्न उनीहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छन ।

**नोरीमिचि तोयोमाने**
**जाइका विज्ञ, जेमसीप**